वर्ष ५ । अंक ३
२०५८

# सञ्चार माध्यमले यस्तो पक्षपात गर्नु हुदैन

-पवित्रा सुब्बा

स्व. माता सन्चमाया लिम्बू र पिता शेरबहादुर लिम्बूको कोखमा जन्म लिनु भएकी चर्चित गायिका पवित्रा सुब्बा नौलो नाम होइन । २०४६ सालको आधुनिक गीत सम्मेलनमा प्रथम भए पछि गायन यात्रालाई निरन्तरता दिदैं गायन कै सिलशिलामा उहाले हङकङ्ग, ब्रुनाई, सिङ्गापुर, लण्डन, जापान, कतार र भारत जस्ता देशहरु भ्रमण गरिसक्नु भएको छ ।

उहाँ एक परिचित नायिका पनि हुनुहुन्छ । हाल सम्ममा अन्तर संस्थान लोकगीत सम्मेलनमा प्रथम, शीखर चौथो टोली श्रृङ्खला उत्कृष्ट गायिका, युवा खेलकूद तथा संस्कृति मन्त्रालयबाट राष्ट्रिय प्रतिभा पुरस्कार तथा विभिन्न सम्मान अभिनन्दनबाट सम्मानित गायिका/नायिका सुब्बासंग प्रतिनिधि मिजासले गर्नु भएको कुराकानीको सार संक्षेप प्रस्तुत छ ।

**प्रश्न :- हाल के गर्दै हुनुहुन्छ ?**

- अहिले त म धरानमा छु । काठमाण्डौं जाने विचिके अर्को एल्वमको तयारीमा लाग्छु । गीतहरु कलेक्सन गरिरहेकी छु । आधा काम पूरा भइसकेको छ । नाम भने बाँकी नै छ ।



**प्रश्न :- गीत के हो ?**

- गीत सर्व प्रथम त साधना हो । शव्द रचना र संगीतको मेल नै गीत हो जस्तो लाग्छ ।

**प्रश्न :- गायक/गायिकाको तुलनामा गीतकार र संगीतकार ओझेलमा छन् किन होला ?**

- पहिले यस्तो थिएन तर अहिले चाही सञ्चार माध्यमले नै गरेको हो । हामीलाई दोष दिनु हुदैन । संगीतकार गीतकार ओझेलमा चाही परेकै हुन । वास्तवमा यो ठिक होइन । सञ्चार माध्यमले यस्तो पक्षपात गर्नु हुदैन ।

**प्रश्न :- पवित्र सुब्बा गायिका हो कि नायिका ?**

- सर्वप्रथम त म गायिका नै हुं । गीत गाउंदा आत्मसन्तुष्टि मिल्छ । मैले यसलाई पूजाको रुपमा लिएको हुं ।

- धेरै छैन, एक दमै थोरै गाएको छु , करिव एक दर्जन जति पुग्ला ।

**प्रश्न :- गीत चर्चामा लाउन मिडियाको भूमिका कस्तो हुन्छ ?**

- मिडियाको सवभन्दा ठूलो भूमिका हुन्छ । गीत कस्तो छ, कुन स्तरको छ, त्यो बुझेर मिडियाले चर्चित वनाइदिनु पर्छ ।

**प्रश्न :- आफुले गाएको गीतहरु कतिको सुन्नु हुन्छ ?**

- रेकर्डिङ्ग रुम बाट निस्केर रफ टेप घरमा लान्छु र सुन्छु, त्यसपछि सोतालाई जिम्मा दिन्छु ।

**प्रश्न :-जीवनलाई कुन रुपमा बुझ्नु हुन्छ ?**

- यो सम्झौता हो, अनिश्चित छ, जीवन पाएर अभिसाप जस्तो चाहि लाग्दैन ।

**प्रश्न :-आफू कतिको राम्री छु जस्तो लाग्छ ?**

- ठिक ठिकै छु जस्तो लाग्छ ।

**प्रश्न :- विवाहको प्रस्ताव कति आए ?**

- आएन त कसरी भनौं, आए ।

**प्रश्न :- विवाह अनिवार्य छ त ?**

- सामाजिक रुपले अनिवार्य हो तर कसै कसैले यसलाई अनिवार्य मान्दैनन ।

**प्रश्न :- दुलही भएको सपना देख्नु भएको छ ?**

- अहँ कहिल्यै देखेको छैन ।

**प्रश्न :- विवाह कहिले गर्नु हुन्छ ?**

- खै ! मैले गर्छु भनेर हुने होइन रहेछ । अव जहिले साइत जुर्छ, लगन जुर्छ तहिले गर्नुपर्ला ।

**प्रश्न :- हालै रेडियो नेपालले संगीत स्रष्टाहरुलाई रोयल्टी दिने परम्पराको थालनी गरेको छ यस प्रति तपाईको धारणा कस्तो छ ?**

- पहिले नै हुनु पर्ने हो, ढिलै भए पनि राम्रो परम्पराको थालनी भएको छ, यसलाई सकारात्मक नै लिएको छु ।

**प्रश्न :- तपाई हङकङ्ग गएर निक्कै पैसा कमाउँदै ल्याउनु हुन्छ रे हो ?**

- हुन त मान्छेलाई पैसा जति भए पनि पुग्दैन । विदेश प्रोग्राम तीर अलि अलि जान्छु । राम्रै हुन्छ ।

**प्रश्न : गायिकाहरुमा कतिको प्रतिस्पर्धा हुन्छ ?**

- नेपालमा चाही त्यति हुन्छ जस्तो लाग्दैन ।

**प्रश्न :- पहिलो रेकर्ड गरिएको गीत कुन हो तपाई को ?**

- 'चन्द्रमा र चखेवाको मिलन कहिले हुन्न' रचनाकार प्रभु पराजुली संगीतकार शक्ति वल्लभ हुनु हुन्छ ।

**प्रश्न :- सुरु सुरुमा गीत गाउँदा संगीतकार/गीतकारहरुले पत्याए ?**

- अँ, पत्याए भनौन, जव ४६ सालमा आधुनिक गीत प्रतियोगितामा प्रथम भए तव देखि मैले गाउन थाले त्यस्तो अप्ठ्यारो केही परेन ।

**प्रश्न :- मन परेको निर्देशकले चलचित्रमा अफर गरे खेल्नु हुन्छ ?**

- कथा वस्तु हेरेर मलाई सुट हुने खालको, मेरो क्षेत्र संग सम्वन्धित भए खेल्न पनि सक्छु ।

**प्रश्न :- अन्त्यमा आफ्ना शुभचिन्तक दर्शक तथा स्रोताहरुलाई के सन्देश दिनु हुन्छ ?**

- कलाकार सधैं मायाको भोको हुन्छ । फ्याक्ट कुरो प्रसंशाको भोको हुन्छ भनौन । श्रोताहरुको माया र प्रसंसाले हामीलाई अझ उत्साह वढछ । यस्तो माया रहिर होस अन्त्यमा के पनि भन्न चाहन्छु भने, क्यासेट किनेर सुन्ने वानी वसाल्नोस नेपाली गीत संगीतलाई माया ...